# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

## रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति: २०७९/०७/१६)

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०७९/०३/२५ गते प्रकाशित सूचना बमोजिम यस कालिका नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक १ (एक) पद खुल्ला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले पदपूर्तिको सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित यस नगर कार्यपालिकाको कार्यालयमा आवेदन पेश गर्नुहुन पदपुर्ति समितिको मिति २०७९/०६/१५ को निर्णयानुसार यो सुचना प्रकाशन गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १ | १०/२०७९/८०. | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौं तह सरह | १(एक) |

१. आवश्यक न्युनतम योग्यता र अनुभव:
   क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण गरेको,
   ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,
   ग. आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तिमा ३ महिनाको तालिम लिएको,

२. दरखास्त दिने स्थान: कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, चितवन ।

३. दरखास्त दिने अन्तिम मिति: २०७९/०७/३० (सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन)

४. आवेदन दस्तुर: रु.५००।— (पाँच सय रुपैयाँ मात्र)

५. करार अवधि: २०८० असार मसान्तसम्म (कार्यसम्पादन सन्तोषजनक भएका करार म्याद थप गर्न सकिने ।

६. छनौटको किसिम: प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा ।

७. परीक्षा हुने मिति र समय: अर्को सूचनामा प्रकाशित गरिने ।

८. आवेदनका साथ आवेदक स्वयंले प्रमाणित गरेका देहाय बमोजिमका कागजातहरु संलग्न हुनु पर्ने:

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- तालिम प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- कार्य अनुभव भए सोको प्रमाणित प्रतिलिपि,
- प्रति पासपोर्ट साईजको फोटो ।

९. सेवा, सुविधा तथा अन्य: स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपुर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।

१०. आवेदनको ढाँचा र रोजगार सहायक पदको कार्यविवरण, पाठ्यक्रम लगायत पदपुर्ति सम्बन्धी अन्य विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np तथा कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

केशवप्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत